नेपाल सरकार
# अर्थ मन्त्रालय

अत्यन्त जरुरी

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :- ०७१/७२
च. नं. :- १४३०

श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सिंहदरवार, काठमाडौं ।

**बिषयः ठेक्का सहमति तथा थप रकम निकासा सम्बन्धमा ध्यानाकर्षण गराइएको ।**

अर्थ मन्त्रालयको च.नं. ९९८ मिति २०७१/१०/१४ को पत्र प्राप्त भएकै होला।

उक्त पत्रबाट ध्यानाकर्षण गराइए पछि पनि तहाँबाट चालू आ.ब.को बजेटको रातो किताबमा प्रकाशित भएका आयोजना बाहेक आर्थिक बर्षको बीचमा थपिएका बिभिन्न आयोजनाहरुका लागि स्रोतको सुनिश्चितता माग हुने र सँगसँगै ती सडक आयोजनाहरुको स्रोतको सुनिश्तिता प्राप्त नहुँदै टेन्डर प्रक्रियामा जान पत्राचार हुने गरेको पाइएको छ।

सार्वजनिक खरीद नियमावली २०६४ को नियम ६ मा स्रोतको सुनिश्चितता नभै कुनै पनि सार्वजनिक निकायले खरीद प्रकृया शुरु गर्न नमिल्ने कुरा उल्लेख छ।

उक्त सम्बन्धमा चालू आ.ब.को बीचमा योजना आयोगबाट थपिएका नयाँ योजनाहरुका लागि बजेट निकासा गर्न नसकिने तथा स्रोतको सुनिश्तिता प्राप्त नहुँदै टेन्डर प्रक्रियामा जान स्वीकृति दिइएका कुनै पनि आयोजनाको आर्थिक दायित्वको बहन गर्न अर्थ मन्त्रालय सक्षम नहुने ब्यहोरा अनुरोध गर्दछु।

...................................
(बैकुण्ठ अर्याल)
सहसचिव

बोधार्थः सडक बिभाग, बबरमहल, काठमाडौं।

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, स. स. म. ४२११९९३, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, अनुगमन तथा मू. म. ४२००४१८, कानून तथा प.म. ४२११८१३, वि.क्षे.व्य.म. ४२११७७०
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.), ४२१११६५ (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np वेव साईट : www.mof.gov.np